# लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) बैठकको निर्णयहरु:-

**संवत् २०८२ साल असार ०१ गते आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** प्रदेश निजामती सेवा (पहिलो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

२. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** प्रदेशका आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड,२०८२ स्वीकृत गर्ने।

३. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृती प्रदान गर्ने।

४. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

५. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** प्रदेश सरकारको आ.व. २०८२/८३ को बजेट वक्तव्य सहितको राजस्व र व्ययको अनुमान प्रदेश सभामा प्रस्तुत गर्न स्वीकृति प्रदान गर्ने।

६. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** सामयिक कर असुली ऐन, २०८२ बमोजिम जारी भएको सूचित आदेश स्वीकृत गर्ने।